# प्रेस विज्ञप्ती

आज मिति २०७५ जेठ १५ गते मंगलबार मोदी इनर्जी प्राइभेट लिमिटेड (साविकको मनाङ ट्रेड लिंक प्रा. लि.)द्वारा निर्माण भइरहेको तल्लो मोदीखोला जलविद्युत आयोजना (२० मेगावाट) को आयोजना निर्माणस्थलको क्याम्प साइटमा अज्ञात समुहले बम राखेको र सो बमलाई सुरक्षाकर्मीले निस्तेज पारेको भन्ने कुरा विभिन्न संचार माध्यम तथा सम्वन्धित मोदी इनर्जी प्राइभेट लिमिटेडबाट जानकारी हुन आएकोले सो सम्वन्धमा यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ ।

विगतमा पनि जलविद्युत आयोजनाहरुलाई लक्षित गरी यस्ता थुप्रै घटनाहरु घटीसकेका र हालसम्म पनि यस्ता घटनाहरुलाई निरुत्साहित गर्ने कुनैपनि संयन्त्र निर्माण नभएको सर्वविदितै छ । यस्ता कार्यहरुले उर्जा क्षेत्रमा नकारात्क प्रभाव पर्ने र स्वदेशी तथा विदेशी लगानीलाई निरुत्साहित तुल्याई नेपाल सरकारको तीन वर्षमा ३ हजार मेगावाटको लक्ष्य पुरा नहुने निश्चित देखिन्छ ।

निश्चित समय पश्चात जलविद्युत आयोजनाहरु नेपाल सरकारमा स्वत हस्तान्तरण हुने र जलविद्युत आयोजनाहरु बाट उत्पादित विद्युतले हाम्रो अर्थतन्त्रमा प्रत्यक्ष रुपमा टेवा पुऱ्याउने हुनाले यस्ता आयोजनाहरुको लगानीको सुनिश्चतता सरकारबाट हुनको लागि आवश्यक संयन्त्रको टट्कारो आवश्यकता देखिन्छ ।

तत्काल यस घटनाको निष्पक्ष छानविन गरी दोषी उपर कारवाहीको लागि जोडदार माग गर्दछौं । साथै राष्ट्रिय प्राथमिकता प्राप्त जलविद्युत आयोजनाहरुमा यस्ता कार्यहरु निरुत्साहित गरी सुरक्षाको प्रत्याभुतीको लागि समेत नेपाल सरकारसंग जोडदार माग गर्दछौं ।

शैलेन्द्र गुरागाई
अध्यक्ष

**President**
Mr. Shailendra Guragain

**Vice President**
Mr. Kumar Pandey

**Secretary General**
Mr. Tuk Prasad Poudel

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Him Prasad Pathak
Mr. Narendra Prajapati
Mr. Pratik Man Singh Pradhan
Mr. Sudhir Pd. Timilsina

**Imme. Past President**
Mr. Khadga Bdr. Bisht

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np